# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।२३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

तत्कालीन जिल्ला प्राविधिक कार्यालय, (पूर्वाधार विकास कार्यालय) भोजपुरका तत्कालीन सि.डि.ई.(उप-सचिव) लालु गिरीले भोजपुर-टक्सार-कोट-गोगने-लेखर्क सडक स्तरोन्नतिको लागि पेश्की तथा रनिङ्ग विल भुक्तानीको लागि पटक पटक रकम माग गरी रकम खातामा जम्मा गर्न तथा नगदै लिएको समेत गरी रु.१८,५०,०००।-(अठार लाख पचास हजार) घुस रिसवत लिएको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज सि.डि.ई. लालु गिरीले तत्कालीन जिल्ला प्रविधिक कार्यालय, (पूर्वाधार विकास कार्यालय) भोजपुरमा प्रमुख जिल्ला ईन्जिनियर पदमा कार्यरत रँहदा भोजपुर-टक्सार-कोट-गोगने-लेखर्क सडक स्तरोन्नतिको लागि पेश्की तथा रनिङ्ग विल भुक्तानीबापत एम.के./वाई.पी.जे.भी.का प्रतिनिधीसँग पटक पटक रकम माग गरी बैङ्क खाता मार्फत तथा नगदै समेत गरी जम्मा रु.१८,५०,०००।-(अठार लाख पचास हजार) घुस रकम लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१८,५०,०००।-(अठार लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उप-सचिव एवं सहायक प्रवक्ता